आमाछोदिङमो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेंसी, रसुवा

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या :-०८३/०८४

चलानी नं. :-

मिति:२०८३/०८/०७

समाजसेवी तथा बालमनोविज्ञ सूचिकृत हुन आउने सम्बन्धि ३ दिने सार्वजनिक सूचना।

बालवालिका सम्बन्धि ऐन २०७५ को दफा (६२), नियमावली २०७८ को नियम (८३) बमोजिम देहाय बमोजिमका योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञले यसै सूचनामा उल्लिखित कागजात तथा व्यक्तिगत विवरण सहित स्थानीय बालअधिकार समितिमा सूचिकृत हुन यो सूचना प्रकाशन भएको मितिले ३ दिनभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक योग्यता:

क. नेपाली नागरिक

ख. नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको स्वघोषणा,

ग. असल चरित्र भएको,

घ. समाजसेवीको रुपमा सूचिकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उतिर्ण गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उत्तिर्ण गरेको र सामाजिक कार्य सम्बन्धि विषयमा कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको,

ङ. वालमनोविज्ञको रुपमा सूचिकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थावाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक तह उतिर्ण गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उतिर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बालमनोविज्ञान सम्बन्धमा कम्तिमा १ महिना तालिम प्राप्त गरेको।

आवश्यक कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति- १

२. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको छाँयाप्रतिहरु

३. मम्बन्धित विषयमा तालिम लिएको प्रमाणपत्रको छाँयाप्रति -१

८. सम्वन्धित व्यक्तिको निवेदन- १

५. पासपोर्ट साइजको फोटो-१

नोटः भोटेकोशी बाढीबाट पीडित तथा प्रभावित क्षेत्रका बाल संरक्षण सम्बन्धी विषयमा कार्यरत योग्यता पुगेका व्यक्तिहरु पनि सूचिकृत हुन सकिनेछ।

०८/०७

बिष्णु राई

प्रमुख प्रशासकीय अधिकृत

बिष्णु राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner